जब मुअज्जिन (अल्लाहु अक्बर, अल्लाहु अक्बर) भन्छ र (जवाफमा) तिमीहरूमध्ये कसैले (अल्लाहु अक्बर, अल्लाहु अक्बर)

उमर बिन खत्ताब (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : जब मुअज्जिन (अल्लाहु अक्बर, अल्लाहु अक्बर) भन्छ र (जवाफमा) तिमीहरूमध्ये कसैले (अल्लाहु अक्बर, अल्लाहु अक्बर) भन्छ, मुअज्जिनले (अश्हदु अल्ला इला ह इल्लल्लाह) भन्छ र उसले (अश्हदु अल्ला इला ह इल्लल्लाह) भन्छ । मुअज्जिनले (अश्हदु अन्न मुहम्मदर्रसूलुल्लाह) भन्छ र उसले (अश्हदु अन्न मुहम्मदर्रसूलुल्लाह) भन्छ । त्यसपछि मुअज्जिनले (हय्य अलस्सलाह) भन्छ र उसले (लाहौल वला कुव्वत इल्ला बिल्लाह) भन्छ, त्यसपछि मुअज्जिनले (हय्य अलल्फलाह) भन्छ र उसले (लाहौल वला कुव्वत इल्ला बिल्लाह) भन्छ । त्यसपछि मुअज्जिनले (अल्लाहू अक्बर, अल्लाहू अक्बर) भन्छ र
उसले (अल्लाहू अक्बर, अल्लाहु अक्बर) भन्छ । त्यसपछि मुअज्जिनले (ला इलाह इल्लल्लाह) भन्छ र उसले साँचो हृदयले (ला इलाह इल्लल्लाह) भन्छ भने ऊ स्वर्गमा प्रवेश गर्नेछ ।
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

अजान भनेको मानिसहरूलाई नमाजको समय आरम्भ भयो भनेर जानकारी दिनु हो । अजानका शब्दहरू वास्तवमा तौहीद (एक इश्वरवाद) र आस्था प्रदर्शन गर्ने उत्कृष्ट शब्दहरू हुन् । यस हदीसमा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले अजान सुन्दा के गर्नुपर्छ भनेर स्पष्ट पार्नुभएको छ । अजान सुन्ने व्यक्तिले मुअज्जिन (अजान दिने व्यक्ति) ले भनेको कुरा उसको पछि-पछि दोहोर्याउनु पर्छ, जस्तै मुअज्जिनले "अल्लाहु अकबर" भनेपछि श्रोताले "अल्लाहु अकबर" भन्नुपर्छ र अन्य वाक्यहरू पनि सोही तरिकाले दोहोर्याउनु पर्छ । तर जब मुअज्जिनले (हय्य अलस्सलाह) र (हय्य अलल्फलाह) भन्छ, श्रोताले यसको जवाफमा (लाहौल वला कुव्वत इल्ला बिल्लाह) भन्नुपर्छ । रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भएको छ, जसले आफ्नो हृदयबाट इमान्दारीपूर्वक अजानको जवाफ दिन्छ, उसले स्वर्गमा प्रवेश गर्नेछ । अजानका शब्दहरूको अर्थ: "अल्लाहु अकबर": अल्लाह सबै भन्दा महान, ठूलो र अत्यधिक शक्तिशाली हुनुहुन्छ । "अश्हदु अल्ला इलाह इल्लल्लाह": म गवाही दिन्छु अल्लाह बाहेक कोही सत्य ईश्वर छैन । "अश्हदु अन्न मुहम्मदर्रसूलुल्लाह": म स्वीकार गर्छु र आफ्नो जिब्रो र हृदयले गवाही दिन्छु, मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहद्वारा पठाईएका रसूल (दूत) हुन् र उहाँको आज्ञापालन अनिवार्य छ । "हय्य अलस्सलाह" को अर्थ भनेको नमाजको लागि आउनुहोस् हो । जबकि श्रोताको भनाइ "ला हौल वला कुव्वत इल्लाह बिल्लाह" को अर्थ अल्लाहको सहायता बिना नमाज पढ्न अवरोधहरू हटाउने कुनै उपाय छैन । हो, अल्लाहको तौफिक बिना न उपासना गर्ने शक्ति छ न अरू केही गर्न क्षमता । "हय्य अलल्फलाह" को अर्थ सफलताको लागि आउनुहोस् हो । वास्तवमा सफलता भनेको स्वर्ग प्राप्ति र नर्कबाट मुक्ति हो ।

http://www.sunnah.global/hadeeth/ne/show/65086